नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ३२०

मिति: २०७५/११/२९

विषयः वातावरणीय अध्ययनमा संलग्न हुने परामर्शदाताको योग्यता सम्बन्धमा ।

श्री स्थानीय तहहरु, सबै ।

उपरोक्त सम्बन्धमा वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, ५ र ७ मा भएका व्यवस्थाहरु अनुसार वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३, ४, ५, ६, ७, १० र ११ अनुसारका प्रक्रियाहरु पालना गरी प्रारम्भिक वातावरणीय परिक्षण, वातावरणीय प्रभाव मूल्यांकन अध्ययन, पूरक वातावरणीय प्रभाव मूल्यांकन अध्ययन र वातावरणीय व्यवस्थापन योजना तयार पार्न संलग्न हुन पाउने परामर्शदाताहरुको योग्यता तथा अनुभवहरुको सम्बन्धमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको मा. मन्त्रीस्तरको मिति २०७५/१०/०४ मा भएको निर्णयानुसारको सूचना प्रकाशित भएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ । साथै उक्त सूचनाको छायाँप्रति यसै पत्रसाथ संलग्न रहेको व्यहोरा समेत जनाकारीको लागि अनुरोध छ ।

२०७५/११/२९
(रीनु थपलिया)
शाखा अधिकृत

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा : यसै बमोजिमको पत्र वेभसाईटमा राखि दिन हुन ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## वातावरण तथा जैविक विविधता महाशाखा

EX: पो॰ ब॰ नं॰ ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं॰ :
प्राप्त पत्र संख्या र मिति :

## सूचना

वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ को पालना गर... सोही ऐनको दफा ५ र दफा ६ मा भएका व्यवस्थाहरु अनुसार वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३, ४, ५, ६, ७, १० र ११ अनुसारका प्रक्रियाहरु पालना गरी प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन, पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन र वातावरणीय व्यवस्थापन योजना तयार पार्न संलग्न हुन पाउने परामर्शदाताहरुको योग्यता तथा अनुभवहरुको सम्बन्धमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ मा व्यवस्था नभएकोले प्रतिवेदनहरुको स्तरीयता कायम गर्न वातावरणीय अध्ययनमा संलग्न हुने परामर्शदाताहरुको योग्यता देहाय अनुसार हुनु पर्ने नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको मा. मन्त्रीस्तरको मिति २०७५/१०/०४ मा निर्णय भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन वा वातावरणीय व्यवस्थापन योजना तयार पार्ने कार्यमा संलग्न हुने परामर्शदाताहरु मध्ये नेतृत्वकर्ताको रुपमा कार्य गर्ने व्यक्ती प्रस्तावसंग सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर गरेको वा वाता...न विषयमा कम्तीमा स्नातकोत्तर गरेको हुनु पर्नेछ ।

२. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन वा वातावरणीय व्यवस्थापन योजना तयार पार्ने कार्यमा संलग्न परामर्शदाताहरु देहाय अनुसारको हुनु पर्नेछ ।

| | | |
|---|---|---|
| क. | भौतिक वातावरण विज्ञ | प्रस्तावसग सम्बन्धित विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ । |
| ख. | सामाजिक वातावरण विज्ञ | समाजशास्त्र/मानवशास्त्र विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ । |
| ग. | जैविक वातावरण विज्ञ | वनस्पति विज्ञान/जिव विज्ञान/वन विज्ञान विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ । |
| घ. | अन्य विज्ञ | प्रस्तावनाको विषय र आवश्यकता अनुसार रसायन विज्ञान, फार्मेसी, मेडिकल, मेकानिकल, कानून आदी अन्य आवश्यकता अनुससारको विषयमा कम्तिमा स्नातक गरेको हुनु पर्नेछ |

३. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन वा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन वा वातावरणीय व्यवस्थापन योजना तयार पार्ने कार्यमा संलग्न परामर्शदाताहरुलाई सहयोग गर्न तथ्याङ्क संकलन गर्ने प्रयोजनको लागि सहभागी गराईएका गणक (Data Collector) हरु सम्बन्धित विषयको कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सहरको योग्यता भएको हुनु पर्नेछ ।

४. यसरी माथि उल्लेख भए अनुसारको परामर्शदाताहरु/गणकहरुको नामावली, निजहरुको संलग्नता भएको स्व-घोषणापत्र (Declaration), वैयक्तिक विवरण (Curriculum Vitae) र अध्ययनको प्रमाणपत्रको प्रतिलिपिहरु क्षेत्र निर्धारण प्रतिवेदनको अनुसूचिमा संलग्न राखी पेश गर्नु पर्नेछ ।